परिवर्तनको लागि

# क्राईम अपरेशन

CRIME OPERATION साप्ताहिक

❑ वर्ष ९ ❑ अंक २७ २०७७ माघ १८ गते आईतवार Sunday 31, Jan, 2020 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-



पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर


## नागरिक समाजद्वारा शहीद प्रति सम्मान



बिराटनगर । मधेस आन्दोलन को क्रममा २०६३ सालमा शहादत प्राप्त मधेसी शहीदहरु प्रति बृहत मधेसी नागरिक समाजले शुक्रबार शहीद दिवस मनाएको छ । बिराटनगरको रोडषेश चौकमा मैनबत्ती बालेर शहीदप्रति अबीर तथा माल्यार्पण गरिएको छ ।

नागरिक समाजका सह अध्यक्ष विश्वनाथ मंडलले शहिदका नाममा काङ्ग्रेस, कम्युनिस्ट नेताहरुले देश लुटेका छन् । मधेसी नेताहरूले पनि मधेसी शहिदको नाममा ब्याज र सावाँ खाईरहेको आरोप लगाउँदै सत्ता र भत्ताको लोभमा मधेसी नेताहरू शहीदको सपना बिर्सिएको बताएका थिए ।

त्यसैगरी नागरिक समाजका कोषाध्यक्ष योगेन्द्र यादवले शहीदको सपना पूरा गर्न मधेसी नागरिक सचेत हुनुपर्नेमा जोड दिदै सहिदको नाममा पार्टीका नेताहरुले राजनीति गरेकोमा अबका दिनमा नागरिक अधिकारका लागि आम जनताको घर दैलोमा जानुपर्ने बताएका थिए ।

समाजका महासचिव हिरालाल साहले ओलिको पुस ५ गतेको संसद बिघटनले देश संबैधानिक शंकटमा फस्दै गएकोले मधेस आन्दोलनको उपलब्धि संघियता पनि गुम्ने खतरा बढेकाले सबैले गम्भीरतापुर्वक लिन आग्रह गर्दै हालसम्मको उपलब्धि गणतन्त्र, समावेशी र संघियता जोगाउन नागरिक समाजले सरकारलाई खबरदारी गराउनु पर्नेमा जोड दिएका थिए ।

कार्यक्रममा जनता समाज बादी पार्टीका मो.कादिर, उमेश यादव, तबरेज हक, बुद्धिजीवी, पत्रकार, बिद्यार्थीहरुको उपस्थिति रहेको थियो ।

नागरिक समाजले बिगत ६ बर्षदेखि निरन्तर राष्ट्रिय शहीद सप्ताहको अन्तिम दिन माघ १६ गते मोरङमा शहीद दिवस मनाउँदै आएको भन्दै समाजका अध्यक्ष सुर्यनाथ प्रसाद सिंहले मधेसीको अधिकार पूरा नभएसम्म सहिदको सपना पूरा नहुने र त्यसको लागि आफुहरु सधैं लडिरहने बताएका थिए ।

## कोरोना विरुद्धको खोप अग्रपंक्तिमा रहेका स्वास्थ्य कर्मीबाट शुभारम्भ

विराटनगर, माघ १४ गते । प्रदेश नं. १ को ८ जिल्लामा १९ खोप केन्द्रबाट कोरोना खोप शुभारम्भ भएको छ ।

प्रदेश नं. १ को राजधानी विराटनगरमा रहेको कोशी अस्पताल कोभिड-१९ उपचार केन्द्रमा एक कार्यक्रम बीच कोशी अस्पतालका सुपरिटेण्डेन चुमनलाल दासलाई उक्त कोभिशिल्ड खोप लगाएर सुरु गरिएको थियो ।

त्यसैगरी कोशी अस्पतालकै फिजिसियन डाक्टर दिपक सिग्देललाई पनि खोल लगाइएको थियो । खोप लगाएपछि प्रतिक्रिया दिँदै डाक्टर सिग्देलले खोपले कुनै साइड इफेक्ट नगर्ने, यदि त्यो भएमा त्यसको उपचारको लागि व्यवस्था समेत रहको वताए ।

उक्त अवसरमा आन्तरिक मामिला मन्त्री हिक्मतकुमार कार्कीले काभिड खोप उत्पादन भएका डेढ महिनामा सार्क राष्ट्र मध्ये खोप लगाउने दोस्रो राष्ट्र भएको वताउँदै यस सन्दर्भमा सरकारको सरहना गरेका थिए ।

कोभिडशिल्ड खोप पहिलो चरणमा १ नम्बर प्रदेशका १४ वटा जिल्लाका ३५ हजार ५ सय ७६ जनालाई लगाइने छ । पहिलो चरणमा ५८२ जना डाक्टरलाई खोप लगाउने तयारी गरिएको छ । मोरङमा ५, सुनसरीमा ४, झापामा ३ इलाममा ३ र अन्य जिल्लामा १/१ वटा खोप केन्द्रको व्यवस्था गरिएको छ ।

कोरोना विरुद्धको खोप अभियानमा अग्रपंक्तिमा खटिएका

वांकी अन्तिम पेजमा...

## तीसवटा सिमानाकाहरु खुल्ला

विराटनगर । विश्व व्यापी रुपमा फैलिएको कोरोना भईरसको रोकथाम गर्नका लाग नेपाल सरकारले भारत र चीनको सिमामा लगाईएको नाकाबन्दी दश महिना पछि ३० वटा नाकाहरु खुल्ला गरेको छ ।

नेपाल सरकाले २०७६ साल चैत ११ गते देखि कोरोना भाईरसको महामानरी रोकथाप तथा नियन्त्रण गर्न सिमाना बन्द गरिएको थियो । बन्द भएको नाका खोल्न केही आवश्यक शर्तहरु राखिएको छ ।

नेपाल सरकारले प्रदेश नं. १ को राजधानी विराटनगरको रानी भन्सार सहित भारत र चीनका तीसवटा नाकाहरु माघ १६ गते देखि खुल्ला गरिएको छ ।

गृह मन्त्रालयले बिहीबार भारत र चीनसँग प्रत्यक्ष सीमा जोडिएका जिल्लाहरुमा पत्राचार गर्दै नाका खुल्ला गर्न निर्देशन दिएको थियो । निर्देशन संगै भारतसँग सीमा जोडिएका २८ र चीनसँग सीमा जोडिएका २ सीमा नाकाहरु खुलिसकेको छ ।

दुई महिनायता हवाई सेवा सञ्चालनमा आईसकेपनि सीमा

वांकी अन्तिम पेजमा...

## जनता जागेपछि चुट्कीको भरमा ढल्छ केपी ओली

हिरालाल साह

विराटनगर । संसद विघटनको विरोध स्वरुप नेपाल कम्युनिष्ट पार्टी १ नं प्रदेश समितिले शुक्रबार जनआन्दोलन चौक विराटनगरमा बृहत जनप्रदर्शनलाई सम्बाधन गर्दै जनता जागेपछि चुटकीको भरमा प्रधानमन्त्री ओली ढल्छ वताएको थियो ।

उक्त कुरा नेकपाका अध्यक्ष प्रचण्डले वताउँदै भने प्रधानमन्त्री केपिओली दलाल पूँजीपतिहरुको घेराबन्दीमा बसेर देशको सार्वभौमिकतालाई नै विघटन गर्ने प्रयास गरिरहेको आरोप लगाउँदै यो सार्वभौम नेपाललाई विघटन गर्ने षड्यन्त्र हो,' नेपालको सार्वभौमिकतालाई विघटन गर्न संविधान विघटनको प्रयत्नस्वरुप प्रतिनिधि सभा विघटन गरिएको हो । ओली नेपाली कम्युनिष्ट आन्दोलनका बेइमान, ठग र धुर्त पात्र भएको बताएका थिए । प्रचण्डले केपी ओलीले गरेको प्रतिनिधि सभा विघटन नहुने जिकिर पनि गर्दै प्रतिनिधि सभा जिवितै रहेकोले आवश्यक पर्यो भने सभामुखले प्रतिनिधि सभाको बैठक आव्हान गर्नुहुनेछ र हामी सबै बैठकमा सहभागी हुनेछौं,' प्रचण्डले भन्नुभयो 'त्यो बैठकले प्रधानमन्त्रीलाई कारवाही गर्ने र प्रधानमन्त्रीबाट हटाउने छ ।

ओलीले प्रचण्डमा परिवारवाद हावी भएको र छोरीज्वाईलाई मात्र हेर्ने गरेको आरोप लगाउने गरेको भन्दै उहाँले छोराछोरी हुनु आफ्नो दोष नभएको बताउदै 'म मा नपुंशकता भएन, छोराछोरी भए त मेरो के दोष भयो ?' प्रचण्डले प्रश्न गर्दै भन्नुभयो 'मैले छोराछोरीलाई अमेरिका पढ्न पठाइन रोल्पामा लड्न पठाएँ के त्यो मेरो दोष हो ?' उहाँले आफुले छोराछोरीका लागि केही गरेको भन्दै आलोचना गर्नेले धर्म छोराछोरीको नाममा कोच्याउने कामलाई जनताले हेरिरहेको टिप्पणी पनि गरेका थिए ।

प्रचण्डले नेकपालाई एकजुट बनाएर देशका सर्वहारा मजदुर किसानका लागि काम गर्ने तयारी गर्दागर्दै छोरी र छोराको मृत्यु भएको तरपनि अभियान नरोकेको उहाँको भनाई थियो । अध्यक्ष प्रचण्डले अब आफ्नो लागि देशका सबै युवाहरु आफ्ना भएको भन्दै देशका लागि केही गरेर मर्ने चाहना राखेको र व्यक्तिगत लाभका लागि केही गर्न जरुरी नभएको भन्दै प्रतिगमनका विरुद्धमा सशक्त भएर उभिन आग्रह गर्नुभयो ।

अर्को प्रसंगमा उनले आफूले शान्ति र समृद्धिको बाटोमा देशलाई लैजान खोज पनि प्रतिक्रियावादी एजेन्टको बलमा प्रधानमन्त्री ओलीले संसद् विघटन गरेर संविधानमाथि नै प्रहार गरेको बताउँदै संसद् मात्रै नभई खलनायक र प्रतिक्रान्तिहरूको गोटी बनेको आरोप लगाएका छन् । 'सर्वोच्चले संविधान र लोकतन्त्रको भावना अनुसार फैसला गर्ने भरोसा रहेको बताउँदै प्रचण्डले 'जरुरी परे विकल्प जनता मार्फत खोजिने वताएका थिए ।

त्यसैगरी पुर्व प्रधानमन्त्री माधव नेपालले भने, 'निर्वाचन आयोगले ओलीको सिङ जुरो फुकालिसकेको छ । हार स्वीकार नगर्ने पहलमानले यसैगरी पछारिसकेपछि पनि खुट्टो उचाल्छ र भन्छ- मेरो खुट्टो त माथि नै छ ।'

नेपालले 'मूल पार्टी यही हो । सूर्य चिन्ह यही हो । झलनाथ खनाल यहीँ

वांकी अन्तिम पेजमा...

## अबैध समान सहित १ पक्राउ

झापा । ईलाका प्रहरी कार्यालय दमकले ठुलो परिणामको अबैध समान सहित १ जनालाई पक्राउ गरेको छ ।

दमक नगरपालिका वडा नं ६ मा रहेको एक घरमा ओरियन्स कम्पनीका बिभिन्न ब्राण्डका खाद्य वस्तुहरु अबैध रुपमा ल्याई भण्डारण गरिएको भन्ने बिशेष सूचनाको आधारमा खटिएको प्रहरी टोलीले २ करोड ४२ लाख ४० हजार ७३० रुपैयाँ बराबरको अबैध खाद्य वस्तुहरु बरामद गरेको हो ।

समान बरामद भएसंगै संचालक जितेन्द्र साह समेतलाई पक्राउ गरी थप अनुसन्धानको लागी आन्तरिक राजश्व कार्यालय ईटहरीमा बुझाइएको ईलाका प्रहरी कार्यालय दमकले जनाएको छ ।


SUKRATARA FURNITURE UDYOG

9842033365
9805391277

BIRATNAGAR

Chattdev007@gmail.com



All types of Fabrication, Furniture, Prefab, Truss are available.

## सम्पादकीय

# खोपले स्वास्थ्यकर्मीमा खुशीयाली

कोरोनाको विश्वव्यापी महामारीले तहसनहस भएका आमनागरिकको जनजीवन विस्तारै सहज बन्दै गएको छ। नेपालमा पनि सोही अनुसार जनजीवन समान्य भईरहेको छ। अझ भारत सरकारले नेपाललाई दिएको दश लाख कोरोना खोपको डोज नेपाल सरकारले कोरोनाको समयमा अग्रपंक्तिमा खटिएका स्वास्थ्य कर्मीहरुलाई पहिलो चरणमा खोप लगाउने भएपछि स्वास्थ्य कर्मीहहरुमा खुशियाली छाएको छ। क्रमश सुरक्षाकर्मी, कर्मचारी पत्रकारलगायत गर्दै तीन महिना भित्र सम्पुर्ण नेपाली जनताले खोप लगाईसक्ने भन्ने नेपाल सरकारले गरेको घोषणाले समेत आम नेपाली जनतामा खुशियाली छाएको छ। नेपालमा पहिलो कोरोना संक्रमण देखिएको २०७६ माघ १० गतेको ठीक एक वर्षपछि २०७७ माघ १४ गते बुधबार देखि सातवटै प्रदेशमा कोरोना खोप शुरु भई सकेको छ। भारतमा कोरोनाको खोप उत्पादन भएपछि कोरोनको खोप लगाउने भारत पहिला राष्ट्रि हो भने नेपाल सार्कमा कोरोना खोप लगाउन दोस्रो राष्ट्रि भएको छ।

नेपालमा कोरोनाको खोप करीब २ करोड डोज चाहिएपनि हाम्रो जस्तो अल्पविकसित देशले १० लाख कोरोनाको खोपको डोज पाउनु भनेको अगामी दिनमा खोप सहज रुपमा पाउन सकिन्छ भन्ने आशा जागेको हो। कोरोनाको खोप चार चरणमा विभाजन गरी लगाउन शुरु गरिएको हो पहिलो चरणमा अग्रपंक्तिमा कोरोना विरामीको उपचारको लागि खटिएका स्वास्थ्यकर्मी र समाजिक समूहले खोप लगाउन पाउने भएको छ। दोस्रो चरणमा जेष्ठ नागरिक र दीर्घ रोगीहरु खोप लगाउन पाउने छन्। तेस्रो चरणमा ४५ वर्ष देखि ५५ वर्ष उमेर समूहका व्यक्तिहरुलाई कोरोना विरुद्धको खोप लगाउने छ भने अन्तिम चरणमा १५ वर्ष देखि माथिको उमेर समूहलाई राखिएको छ। भारतले नेपालमा निशुल्क उपलब्ध गराएका कोभक्सिन बेलायतमा देखिएको नयां प्रजातिको कोरोना भाईरसवाट समेत रोक्न सक्ने क्षमता रहको अनुसन्धानवाट खुलेको छ। जसले गर्दा अझ नेपाली जनतामा थप खुशियाली थपिएको छ।

कोरोना खोपको शुभारम्भ गर्दै प्रधानमन्त्री केपी शर्मा ओली र स्वास्थ्य मन्त्री हृदयश त्रिपाठीले तीन महिना भित्र सम्पुर्ण नेपालीले कोरोना विरुद्धका खाप लगाउन पाउने गरेको घोषणलाई सार्थक पार्नका लागि सरकारले अगाडी कदम चाल्नु पर्छ। नेपाल सरकारले भारतबाट निशुल्क पाएका १० लाख डोज पछि अरु खोप कुन देशवाट ल्याउने त्यसका लागि खरिद प्रक्रिया, बजेटको जोहो, टेन्डर प्रक्रियाहरु पुरा गरी नेपाल सरकारले बोलेको तीन महिनाका प्रतिवद्धतालाई सार्थक वनाउन र त्यसलाई सुनिश्चित गरेर देखाउन सक्नु पर्दछ। अनिमात्र नेपाल सरकारलाई आमनेपाली जनताले विश्वास गर्दछ अन्यथा बोल्न वेला बोल्या त्यसपछिका काम नगर्ने प्रवृति दोहऱ्यो भने नेपाली जनता प्रति विश्वास घात हुने छ। त्यसैले कामचलाउ सरकारले बोलेको कुरा पुरा गरेमा नेपाली जनतामा नयाँ विश्वास जागने छ। त्यसको लागि समयमै कोरोनाको खोप आयात गर्नु आवश्यक छ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ। मनोरञ्जन र भ्रमणको योग छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : युवा वर्गका लाीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : युवावर्गका लाीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला। काममा विघ्न वाधाहरु आउन सक्नेछन।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : बुद्धिको प्रभावले ठुला–ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ। महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ** (गु,गे,गो,सा,सी,सु,से,सो,द) :**सानो तिनो चोटपटकको सम्भावना रहेकाले सतर्कता अपनाउनु होला। भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

# लोकतन्त्र कम्जोर बनाउन समाजिक संजालको भूमिका

ट्रम्प समर्थक उपद्रवीहरुको भिडले अमेरिकाको संसद् भवन क्यापिटल हिलमा उपद्रो मच्चाएको दृश्य स्तब्ध बनाउने प्रकारको त थियो तर षड्यन्त्रका सिद्धान्तमा विश्वास गर्नेहरु, घृणा फैलाउने समूहहरू, र पहरेदारहरुको पक्षपोषण गर्नेहरु तथा अनलाइन माध्यमहरूबाट झुटो हल्ला फैलाउनेहरूको गतिविधि नियाल्नेहरूका लागि आश्चर्यको विषय भने थिएन।

उपद्रवकारीलाई उक्साएको मूल दोष त राष्ट्रपति डोनाल्ड ट्रम्पमाथि नै जान्छ तर मेरो पूर्वरोजगारदाता 'फेसबुक' जस्ता सामाजिक संजाल सञ्चालन गर्ने कम्पनीहरू पनि यस उपद्रवका लागि उत्तिकै दोषी छन्। उनीहरुले ट्रम्पलाई वर्षौंसम्म झुट फैलाउने र फुटको बीजारोपण गर्ने मौका दिइरहनुका साथै आफ्नो हामीमा रहेको पूर्वाग्रह र कमजोरीको आफ्नो स्वार्थमा दोहन गर्ने व्यावसायिक ढाँचाअनुरूप षड्यन्त्रकारी घृणा समूह हुर्काउने काम पनि गरिरहे। उनीहरुको कारोबार र उत्पादनले हाम्रो लोकतन्त्रलाई कसरी प्रभाव पार्छ भन्ने कुनै जिम्मेवारी वहन नगरी उनीहरुले यस्तो कार्य गरेका छन्। यस घटनाका हकमा उनीहरूको माध्यममा उपद्रोको योजना बनाउन र त्यसको प्रचारप्रसार गर्न सामाजिक सञ्जालहरूले मौका दिएका थिए।

यो कुनै नयाँ जानकारी होइन। मैले पहिलेदेखि नै फेसबुकले कसरी झुटको खेतीमार्फत विभाजन र अविश्वासको बीउ रोप्ने, ध्रुवीकरण बढाउने र चरमपन्थी अभ्यास चर्काउने राजनीतिक जमातलाई मञ्च उपलब्ध गराएर नाफा कमाउँछ भन्ने लेखिरहेकै हो। सन् २०20 को निर्वाचन नजिकिँदै गर्दा नागरिक अधिकारकर्मी, अभियन्ता, पत्रकार र प्राज्ञिकहरुको समूहले सामूहिक रुपमा फेसबुक तथा निजी स्वामित्वका केही च्यानलको विषयवस्तु, नीतिको आलोचना गर्दै सिफारिस गरेको थियो। तिनको नीतिका विरोधमा कर्मचारीले राजीनामा गरे, विज्ञापनदाताले बहिष्कार गरे र विधायकहरुले स्पष्टीकरण लिए।

ल्य मभकअचष्उतष्यल बखबर्षबदभि.गत साताका घटनाहरुले यी तथ्य पुनः उजागरेका छन् र तत्काल सम्बोधनको आवश्यकता देखाएका छन्। प्रजातन्त्रको रक्षाका लागि सामाजिक सञ्जालको उत्तर दायित्वसम्बन्धी कुनै अमेरिकी कानुनको अभावमा हामीले आफैं नियम बनाउने, लागू गर्ने र सार्वजनिक मञ्चमा कसरी जोड्ने जस्ता विषयमा निर्णय गर्ने जिम्मा नाफाका लागि सञ्चालित इन्टरनेट कम्पनीका प्रमुख कार्यकारी (सीईओ)हरुलाईदियौं। फेसबुकले नियतवश निरन्तरको प्रयासपछि विश्वव्यापी सार्वजनिक मञ्चलाई आफ्नो वशमा पार्ने स्तरमा पुगेको छ तर यसले परम्परागत मिडियालगायतले जस्तो सार्वजनिक हितको रक्षा गर्ने कुनै जिम्मेवारी भने वहन गर्दैन।

अब यस्ता कम्पनीहरुलाई आपराधिक गतिविधि बढाउन र त्यसमा सहयोग गर्न तिनले गरेको कामका लागि उत्तरदायी बनाउने समय भएको छ। साथै वर्षौंदेखि सिलिकन भ्यालीका अगुवाहरूले उनीहरूको सर्त अरूमाथि थोपर्न नदिने विषयमा आवाज उठाइरहेकाहरूको कुरा सुन्ने पनि बेला भएको छ।

पछिल्ला घटनामा यी माध्यमहरूको भूमिकामात्र हेरेर नभई सीईओहरूले जनाएको वा जनाउन नसकेको प्रतिक्रिया समेतका आधारमा हामीले आफ्ना धारणाहरू परिवर्तन गर्नु आवश्यक छ। कस्तो विषयवस्तु हटाउने, कस्तो आवाज दबाउने वा कस्तो राजनीतिक विज्ञापनलाई अनुमति दिने भन्नेजस्ता प्रतिक्रियात्मक निर्णयहरूले चरक कट्टरपन्थी र चर्को स्वरको आवाजलाई पुरस्कृत गर्ने व्याव सायिक ढाँचाजस्ता मूल विषयमा हुनुपर्ने छलफललाई ओझेलमा पारेको छ।

अझै पनि यी समस्याहरुको समग्रतामा ध्यान दिने इच्छा भने देखिँदैन। मार्क जुकरबर्गले संयुक्त राज्य अमेरिकाको अर्को राष्ट्रपतिका रुपमा जो बाइडेनको नाम अनुमोदन गरेने घोषणा नभएसम्म ट्रम्पको फेसबुकको खाता बन्द गरेनन्। फेसबुकले नर्णिय गरेको समय हेर्दा त्यो लोकतन्त्रप्रतिको जिम्मेवारी वहन गरेको नभएर सत्ताको नजिक हुने प्रयास गरेजस्तो देखिन्छ। यतिबेला ट्रम्पको आवाज बन्द गर्न धेरै सामाजिक सञ्जालहरुले कदम चलेका भए पनि उनीहरू अनलाईनमार्फत षड्यन्त्रको सिद्धान्त फैलाउन र लाखौं अमेरिकीहरूका मनमा निर्वाचनमा धाँधली भएको छाप पार्न गरिएको षड्यन्त्र रेक्न सामाजिक सञ्जालका सञ्चालक हरूले कहिल्यै गम्भीर प्रयत्न गरेको देखिएन।

क्यापिटल हिलको दंगामा मारिएकी महिला अस्ली बबिटको ट्वीटर फिड स्तब्ध पार्ने प्रकारको छ। वायुसेनामा १४ वर्ष काम गरेकी उनको अन्तिम दिनहरु लिन वुडजस्तो षड्यन्त्रकारी सिद्धान्तकारको ट्विटलाई रिट्विट गर्नमा बिताएकी थिइन। वुडको ट्विट हमलाको दोस्रो दिन ट्विटरबाट निलम्बन गरिएका कारण अहिले ट्विटरबाट सरकार अपदस्थ गर्न आह्वान गर्ने क्युएननका अनुयायी र अन्यको ट्विट पनि हराएको छ। न्युयोर्क टाइम्सको एउटा प्रोफाइलमा उनलाई आफ्नो व्यवसायलाई निरन्तरता दिन संघर्षरत रहँदा विद्यमान राजनीतिक प्रणालीप्रति दिग्भ्रमित पूर्वसैनिकका रूपमा चित्रण गरिएको छ। षड्यन्त्रको सिद्धान्तका मार्गमा उनलाई धकेल्न सामाजिक सञ्जालको महत्त्वपूर्ण भूमिका हुनसक्छ तर उनको सामाजिक सञ्जालमा सम्प्रेषित सामग्री कसरी तयार पारियो कुन समूहले उनलाई सिफारिस गऱ्यो र कुन प्रक्रियाले उनलाई त्यता बढायो भन्ने भने हामीलाई कहिल्यै थाहा हुनेछैन।

सर्वसाधारण वा सीमित अधिकार भएको नियामक निकायलाई फेसबुक र ट्वीटरहरुको विवरणमा पहुँच भएको भए ती कम्पनीहरुले आफू तटस्थ माध्यम भएको र पाठकसमक्ष उनीहरूले चाहेको सामग्रीमात्र प्रेषण गरेको दाबी गर्न पक्कै गाह्रो हुनेथियो। गार्जियनमा कार्यरत पत्रकार जुलिया क्यारी वङले अगिल्लो वर्षको जुनमा फेसबुकको आन्तरिक संयन्त्रले उनलाई क्युएनन् समूहहरुमात्र सिफारिस गरिरहेको बारे लेखेकी थिइन्। वङ पत्रकार, प्राज्ञिक र अभियन्ताहरुको समूहको एक सदस्य थिइन् जसले फेसबुकको आन्तरिक संयन्त्रलेसमेत आफ्ना प्रयोगकर्ताहरूलाई त्यस्ता षड्यन्त्रको सिद्धान्तका भ्रामक प्रचारवाजीमा संलग्न नकारात्मक तत्त्वहरुबारे सिफारिस गरेको विषय उठाएर बारम्बार सजग गराइरहेको थियो। अतः मुख्य कुरा के हो भने यो अभिव्यक्ति स्वतन्त्रता वा यी सामाजिक सञ्जालमा व्यक्तिगत धारणा सम्प्रेषणको विषय होइन। यो त सामाजिक सञ्जालका रूपमा त्यस माध्यमले विषयवस्तुलाई के गर्छ, कस्तो आवाजलाई प्रवर्धन गर्छ र आफ्नो संयन्त्र र प्रक्रियाभित्र कस्ता सामग्रीलाई प्रवर्धन गर्न रुचाउँछ भन्ने विषयमा हो।

अब हामी यहाँबाट कता जाँदैछौं त ?

यस्तो व्यावसायिक अभ्यासबाट वास्तविक जीवनमा परेको क्षतिका प्रति जिम्मेवारी तोक्न र तिनले जनस्वास्थ्य, सार्वजनिक जीवन र लोकतन्त्र पुगेको क्षतिको वास्तविक मूल्य तिराउन सरकारहरुसमक्ष पैरवी गर्दै आएको छु। अहिलेसम्म सामाजिक सञ्जाल सञ्चालक कम्पनीले राजनीतिक विज्ञापन, घृणास्पद भाषा र हिंसा उक्साउने षड्यन्त्रको सिद्धान्तबाट निर्देशित सामग्रीप्रति कारबाही गर्ने कुनै कानुन छैन। यस्ता विषयमा 'कम्युनिकेसन डिसेन्सी ऐन' को दफा २३० प्रयोग गरिँदा इन्टरनेट सेवा प्रदायक कम्पनीहरुलाई तेस्रो पक्षको समाग्रीका नाममा दायित्वबाट उन्मुक्ति दिएर विषयलाई थप जटिल बनाएको छ। यो समस्या समाधान गर्न सन् १९९६ मा बनेको यस कानुनको दफा २३० मा सुधार गर्नुपर्ने तर्क धेरैले गर्छन्। तर सामाजिक सञ्जालमा हामीले अहिले सामना गरिरहेका असंख्य समस्याहरु सुल्झाउन यसले कसरी र कति सक्ला भन्ने बहसको विषय बनेको छ।

मैले एउटा समाधानका रूपमा दफा २३० को स्पष्ट व्याख्या गरेर सुरु यसको लाभ प्रकाशक र सञ्चालक बीचको विवादलाई फरक गर्न सकिनेमा जोड दिँदै आएको छु। अझै पनि विषयवस्तुको निगरानी गर्ने, प्रयोगकर्तालाई कुनै विषयमा आकर्षित गर्ने र घृणा फैलाउने समूहहरूसँग सम्बद्ध गराउने समूह र षड्यन्त्रको सिद्धान्तकारहरूसँग जोडाउने सामाजिक सञ्जाल सञ्चालक कम्पनीहरूलाई इन्टरनेटको माध्यममात्र हुन् भनेर उन्मुक्ति दिनुपर्छ भन्नु विडम्बना हुन्छ। विश्वका २ अर्ब मानिसहरूले सूचना प्राप्त गर्न, सञ्चार र उपभोग गर्न प्रयोग गरिने केही सामाजिक सञ्जाल सञ्चालक कम्पनीहरूलाई सामान्य इन्टरनेट कमपनीलाई जस्तै

वांकी ४ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५२६२५२
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# नयाँ भवनसँगै प्रहरीमा कार्यरत कर्मचारीहरूको सोच र धारणामा नयाँ रुपान्तरण आवश्यक

विराटनगर । प्रदेश नं. १ को राजधानी विराटनर महानगर पालिकाकामा रहेको इलाका प्रहरी कार्यालयको भवन, आवास र भान्सा घरको उद्घाटन गर्दै नयाँ भवनसँगै कार्यरत प्रहरी कर्मचारीहरुमा नयाँ सोच र धारणाहरु रुपान्तरण हुन आवश्यक रहको प्रमुख अतिथीले वताएको छ ।

कार्यक्रममन प्रमुख अतिथी प्रहरी अतिरिक्त महानिरीक्षक प्रधुम्न कुमार कार्कीले भने प्रहरी कर्मचारीहरुले नयाँ सोच र धारणा लिएर 'प्रहरीले शासकको रुपमा होईन सेवकको रुपमा काम गर्नुपर्ने वताए ।

यूनोपस को सहयोगमा नव निर्मीत ईलाका प्रहरी कार्यालय रानी बिराटनगरको कार्यालय उद्धटान कार्यक्रममा बोल्दै कार्कीले भवन आफैमा सबै चिज नभएको प्रस्ट पार्दै, नयाँ भवन संग संगै कार्यरत प्रहरी कर्मचारीहरुमा नयाँ सोच र धारणा आउनु पर्ने तथा रुपान्तरण हुनु पर्ने धारणा व्यक्त गरेका थिए । कार्कीले भवन निर्माणमा उल्लेखनिय भुमिका निर्वाह गर्नुहुने ब्यक्तित्वहरु लाई प्रशंसा पत्रले सम्मन समेत गर्नु भएको थियो ।

कार्यक्रममा बोल्दै मोरङ जिल्लाका प्रमुख जिल्ला अधिकारीले कोषहरि निरौलाले उचित बासस्थानको भरपर्दो ब्यबस्था बिना नै काम कारवाही गरिरहेको ईलाका प्रहरी कार्यालय रानीले सुरक्षित बासस्थान प्राप्त भए संग-संगै अब थप हौशलाका साथ काम कारवाही गर्ने र सिमावर्ती क्षेत्रमा हुने अपराधीक घटना नियन्त्रणमा थप बल पुग्ने धारणा ब्यक्त गरेका थिए ।

सोही कार्यक्रममा धन्यवाद ज्ञापन गर्नुहुँदै १ नम्बर प्रदेश प्रमुख प्रहरी नायव महानिरीक्षक ईश्वर बाबु कार्कीले भौतिक पुर्वाधारको अभाव र अपर्याप्ताले प्रहरी सेवाका कार्यहरुमा प्रतक्ष्य असर पर्ने बताउँदै सुबिधा सम्पन्न भवन प्राप्त भए संग संगै नागरीक सेवामा अब बिगतका दिनहरु भन्दा प्रभावकारी ढंगले अगाढी बढ्न नव निर्मित भवनको योगदान रहने बिश्वास लिएको वताए ।

२४ सै घण्टा ड्युटीमा रहनु पर्ने प्रहरी कर्मचारीहरुलाई यस्ता भौतिक सुबिधाले थप मनोवल बढ्ने र कार्यक्षेत्रमा समेत यसले अनुकुल वातावरण सिर्जना गर्ने बताउँदै सुबिधा सम्पन्न भवन प्राप्त भएसँगै थप जोश र उर्जाका साथ प्रहरी काम कारवाही गर्न कार्यरत प्रहरी कर्मचारीहरुलाई निर्देशन समेत दिएका थिए ।

कार्यालय भवन तथा आवास गृह र भान्सा घर कुल ५ करोड ८६ लाखको लागतमा निर्माण सम्पन्न भएको भएको हो ।

उक्त कार्यक्रममा स्थानिय जनप्रतिनिधीहरु, यूनोपसका सिनियर एडभाईजर एवं पुर्व प्रहरी नायव महानिरीक्षक कुमार कोईराला, सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधीहरु, नागरीक समाजका प्रतिनिधीहरु, बिभिन्न महिला संजाल, संघ संस्थाका प्रमुख तथा प्रतिनिधीहरुका साथै स्थानियवासीहरुको उपस्थिति रहेको थियो ।



विराटनगर महानगर पालिका वडा नं. १४ रानीमा बनेको इलाका प्रहरी कार्यालयको नयाँ भवन ।

## लागुऔषध खैरोहिरोइन सहित पाँच जना पक्राउ

विराटनगर । लागुऔषध खैरो हिरोईन सहित चार जना र लागु औषध ट्र्यावलेट चक्की लिएर १ जना गरी पाँच जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पथरी शनिश्चरे नगरपालिका वडा नं. ४ स्थितमा रहेको एक घरबाट लागुऔषध खैरोहिरोईन ब्राउनसुगर सहित चार जना पक्राउ परेका छन । पक्राउ पर्नेमा सोही स्थानका १९ बर्षीय साजन राई, २२ बर्षीय छिरीङ राई र २४ बर्षीय नवराज राई रहेका छन भने भोजपुर साल्पासिलोछ्रो वडा नं. २ का १९ बर्षीय निराज राई रहेको छ ।

घरमा लागुऔषध बिक्रीवितरण गरिरहेको भन्ने विशेष सुराकका आधारमा ईलाका प्रहरी कार्यालय पथरीबाट खटिएको प्रहरी टोलीले चारै जनालाई नियन्त्रणमा लिएको थियो ।

नियन्त्रण पश्चात उनिहरु उपर चेकजाँच गर्दा ६३० मिलिग्राम खैरोहिरोईन ब्राउनसुगर, टरमाडोल हाईड्रोक्लोराईड ९० ट्याब्लेट, स्पासपाईन ५४ ट्याब्लेट लागु औषध, ४ राउण्ड गोली, १ थान खोका, १ थान खुकुरी, नगद ६ हजार ७ सय ३० रुपैया र निजहरुले प्रयोग गरेको को १४ प ४७२५ नम्बरको मोटर साईकल लगायतका सामानहरु फेला पारी बरामद गरिएको ईलाका प्रहरी कार्यालय पथरीले जनाएको छ ।

त्यसैगरी पक्राउ परेका चारै जना उपर थप अनुसन्धान तथा कानुनी कारबाही अगाडी बढाईएको उक्त कार्यालयहरुले जनाएको छ ।

## जाडोको न्यानो कम्बल वितरण

विराटनगर । भारतको जोगवनी वाट चोरी पैठारी गरी ल्याएका लुगाहरु वेवारीसे अवस्थामा प्रहरीले बरामद गरेको छ ।

जिल्ला मोरङ बिराटनगर महानगरपालिका वडा नं. १६ दरैया चोक नजिक भारतको जोगवनीबाट नेपालतर्फ अवैध रुपमा भन्सार छली चोरी पैठारी गरी ल्याई वेवारिसे अवस्थामा छाडिएको समानहरु बरामद गरीएको हो ।

बरामद गरिएको समानहरुमा, लेडिज कुर्ता सुरुवाल सेट २ सय ५ पिस, जिन्स पेन्ट १ सय ४५ पिस, स्लट जामा ४ पिस प्रति पिस, लेडिज (बनारसी, साधा) साडी २४ पिस, पेन्ट-सर्टको कपडा ४ रोल, लेडिज लेहगा ४ पिस, पर्दाको कपडा ३ थान, तन्ना तथा सिरानीको खोला २२ पिस, बिभीन्न चाबिमा लाग्ने रिङ १ बोरा रहेको छ ।

उक्त वेवारीसे समानहरुको मुल्य २ लाख ९७ हजार ४ सय रहेको अनुमान गरिएको छ । सो समानहरु जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले फेला पारी आवश्यक कारवाहीको लागि मूल भन्सार कार्यालय रानी, विराटनगरमा बुझाएको छ ।

कोरोना भाइरस (कोभिड-१९) के संक्रमणसे बचैके लेल समाजिक दुरी कायम करु आर मास्क लगाऔ ।

## नेपाली काँग्रेस भित्रको अन्यौलता

निमिष झा

नेपाली काँग्रेसले फागुन ७ गते पार्टीको १४औं महाधिवेशन गर्ने निर्णय गरिसकेको छ तर महाधिवेशन होला न होला अनिश्चित छ । संसद विघटनपछि यो मुद्दामा नेताहरु बोल्नै छाडेका छन् । तय मितिमा महाधिवेशन नहुने पक्का भइसकेको छ । फागुनमा महाधिवेशन सम्भव नभएपछि २०७८ जेठ या भदौलाई नयाँ मितिको बहस भइरहेको बेला प्रधानमन्त्री केपी ओलीले प्रतिनिधिसभा विघटनको घोषणा गरेसँगै कांग्रेस अलमलमा परेको देखिन्छ ।

गत वर्ष पुस ११ गते पार्टीको महाधिवेशन २०७६ फागुन १९ भित्र सम्भव नहुने र महाधिवेशन गर्न नसकेको अवस्थालाई नै असामान्य परिस्थिति घोषणा गर्दै एक वर्ष म्याद थपेको थियो । पार्टीले एक वर्षको म्याद थपे पनि महाधिवेशनको अन्योलता यस वर्ष पुस ५ गते संसद विघटनको दिनसम्म कायमै थियो ।

प्रधानमन्त्री केपी ओलीले संसद विघटन गरेपछि काँग्रेस भित्र महाधिवेशनको चर्चा नै हराएको छ । यसअघि पनि गत वर्ष चैत ११ देखि कोरोना महामारीको त्रास रोक्न लकडाउन लागेपछि पनि महाधिवेशनको चर्चा सेलाएको थियो । लकडाउनपछिका दिनहरुमा जिल्ला-जिल्लामा पार्टी प्रवेशसहित का कार्यक्रम सञ्चालन भए पनि महाधिवेशनको कार्यासूचीमा प्रवेश गर्न नसक्दा पटक-पटक कार्यतालिका परिवर्तन हुँदै आइरहेको छ । गत वर्ष थपिएको म्याद पनि आगामी फागुन १९ देखि समाप्त हुँदैछ । कांग्रेसको विधानअनुसार अब म्याद थप्ने बाटो बाँकी छैन । आगामी फागुन ७ देखि १० गतेसम्म काठमाडौंमा हुने भनिएको १४ औं महाधिवेशन पनि अनिश्चय बनेको छ ।

कोरोनाको त्रास र संक्रमण केही कम भएर पार्टी भित्र महाधिवेशनको दबाब बढे पनि प्रतिनिधिसभा विघटनपछि कांग्रेस पुनः आन्दोलन केन्द्रित हुँदा महाधिवेशनको कार्यसूची नै हराएको छ । त्यसैले कांग्रेसको विधानअनुसार महाधिवेशन सम्भव नहुने भएपछि संविधानको सहारा लिनुपर्ने अवस्था छ ।

प्रतिनिधिसभा विघटन असंवैधानिक भनेर कांग्रेसले सडक संघर्षको बाटो रोजेको छर । उसले दोस्रो चरणको आन्दोलन पनि घोषणा गरिसकेको छ । उता संसद विघटनको मुद्दा अदालतमा प्रवेश गरिसकेको अवस्थामा सभापति शेरबहादुर देउवा आन्दोलन नगर्ने मनस्थितिमा छन् तर चौतर्फी दबाबले घेरिएपछि आन्दोलनमा जान सहमत भएका हुन । यद्यपी काँग्रेस भित्र आन्दोलन कि संसद पुनर्स्थापना भन्ने विषयमा नेताहरु विभाजित छन् । सभापति देउवा अदालतबाट संसद ब्युँतिने आशमा छन भने वरिष्ठ नेता रामचन्द्र पौडेल र पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौलासहितका नेताहरू आन्दोलन गर्नुपर्ने बताइरहेका छन् । पौडेलले संसद पुनःस्थापनाले मात्रै असंवैधानिक कदम नसच्चिने भन्दै नेतृत्वलाई आन्दोलनतिरै तान्न दबाब दिइरहेका छन् । संसद् पुनःस्थापना नहुने र निर्वाचन पनि नगराउने परिस्थितिको आकलन गर्दै सिटौलाले पार्टीलाई दोधारमा नराखेर तत्काल आन्दोलनका लागि तयार हुनुपर्ने बताउँछन् ।

आन्दोलनमा जान तयार भए पनि संसद पुनःस्थापनाको मुद्दा उठाउन भने सभापति देउवा हच्चेका छन् । उनको असहमतिकै कारण पार्टीले संसद पुनःस्थापनाको विषय केन्द्रीय समितिको निर्णयमा उल्लेख गरिएको छैन । असंवैधानिक र अलोकतान्त्रिक कदम विरुद्धको आन्दोलन भन्नुको अर्थ त्यसलाई सच्याउनु हो । त्यो भनेको संसद पुनःस्थापनाकै लागि हुने आन्दोलन हो । अदालतलाई पनि हाम्रो यही अपिल छ,' काँग्रेस केन्द्रीय समितिको बैठकमा पौडेलले भनेका थिए । सिटौलाले प्रधानमन्त्री केपी ओलीको पार्टी संगठनतिरको ध्यान, निर्वाचन आयोगको तयारी लगायतले वैशाखमा निर्वाचन हुने र संसद पुनःस्थापनासमेत नहुने अवस्थाले राजनीतिमा कालो बादल मडारिरहेको आफूले देखेको बैठकमा बताए ।

'निर्वाचन हुने नै भयो भने आन्दोलनलाई त्यतैतिर डाइभर्ट गरौंला तर अहिले आन्दोलनको विकल्प छैन । आन्दोलनले पार्टीको संगठन पनि बनाउँछ । संविधान र राजनीतिक व्यवस्थालाई बचाउने काम पनि गर्छ,'बैठकमा सिटौलाको भनाइ थियो ।

प्रधानमन्त्री केपी शर्मा ओलीले संविधानमै नभएको अधिकार प्रयोग गरेर प्रतिनिधिसभा विघटन गरेको यतिका दिन बित्दा पनि पुनःस्थापना कि निर्वाचन भन्नेमा कांग्रेस दोधारमा छर । संसद विघटनपछि पुस १३ गते कांग्रेसले १ सय ६५ निर्वाचन क्षेत्रमा विरोध प्रदर्शन गऱ्यो तर उक्त विरोध प्रदर्शनमा पनि पार्टी नेताहरूको समान धारणा रहेको थिएन । सभापति देउवा र उनीपक्षीय धेरैजसो नेता संसद पुनःस्थापनाको विपक्षमा उभिए भने संस्थापनइतर नेताहरू पुनःस्थापनाको पक्षमा देखिए ।

सभापति देउवा निकट नेताहरुकाअनुसार प्रतिनिधिसभा विघटनविरुद्ध परेको रिटमा सर्वोच्च अदालतले र नेकपाको पार्टी विभाजनसम्बन्धी विवादमा निर्वाचन आयोगले निर्णय नदिएसम्म पर्खनुपर्ने पक्षमा उनी छन् । जबकी पौडेले पक्षको जोड प्रतिनिधिसभा पुनःस्थापनालाई प्राथमिकतामा राखेर सडक संघर्षमा जानुपर्नेमै छ । अदालतले विघटनलाई सदर गरेपछि मात्रै निर्वाचनको मुद्दा कांग्रेसले बोक्नुपर्ने मत पौडेलको छ । विघटनको विरोधमा रहेको नेकपाको दाहाल-नेपाल समूहसमेत निर्वाचनको तयारीमा अघि बढिसकेकाले कांग्रेस निर्वाचनबाट भाग्न नसक्ने नेताहरुको भनाइ छ ।

'अदालतले पुनःस्थापना गरे पनि ठीकै भयो, विघटनलाई सदर गरेमा हामी निर्वाचनकै लागि तयारी गर्ने हो, त्यतिबेला निर्वाचन सुनिश्चितताका लागि सडकमा निस्कनुपर्ने हुन सक्छ' सहमहामन्त्री प्रकाशशरण महतले भने । प्रतिनिधिसभा विघटन, अध्यादेशबाट संवैधानिक परिषदमा पदाधिकारी नियुक्ति सिफारिस र कामचलाउ सरकारको मन्त्रिपरिषद् विस्तारजस्ता असंवैधानिक

वांकी ५ पेजमा...

कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।

स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।

लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर

कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।

सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

अन्तरिक राजश्व कार्यालय विराटनगर

कोरोना (C0VID–19 ) भाइरसका बारेमा जनहितमा जारी सूचना

१. कसरी सर्छ कोरोना भाईरस ?

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन् ?

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्ते हुनु ।

3. यसबाट बच्न के–के गर्ने ?

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

केराबारी गाउँपालिका मोरंग प्रदेश नं. १

# असंबैधानिक कदम विरुद्ध प्रबुद्ध नागरिक समाजद्वारा सडकमा पत्रकार सम्मेलन

हिरालाल साह

बिराटनगर, माघ १४ गते । ओली सरकारको संसद (प्रतिनिधि सभा) विघटन बिरुद्ध बिराटनगरको जनआन्दोलन चौकमा प्रबुद्ध नागरिक अभियान समिति प्रदेश नम्बर १ बिराटनगरले खुल्ला पत्रकार सम्मेलन तथा अन्तरक्रिया कार्यक्रम गरेको छ ।

कार्यक्रमका संयोजक प्राध्यापक कृष्ण पोखरेलले हाम्रो संविधानमै नभएको संसद भंग गर्ने व्यवस्था ओलिले संविधान भन्दा बाहिर गएर नयाँ मान्यता स्थापित गर्न लागेको आरोप लगाए ।




२०४७ सालको संविधानमा प्रमले बिघटन गर्ने अधिकारको कारण जनताले धेरै दुःख भोग्नु परेको र त्यसबाट पाठ सिकेर संसद बिघटन गर्ने अधिकार संविधानमा कहिँ पनि प्रधानमन्त्रीलाई नभएको बताए । बेलायतको संविधानमा पहिले संसद बिघटन गर्ने अधिकार प्रधानमन्त्रीलाई रहेकोमा हाल २०११ को मिक्स टर्म एक्ट अनुसार बिघटन गर्ने अधिकार संसदलाई मात्र दिईएको, त्यसको लागि पनि दुई तिहाइ बहुमतले मात्र गर्ने प्रावधान रहेको पोखरेलले जनाए ।

प्रम ओलिले पत्रकारलाई तिमी भनेको शब्दावली लेखेको प्रति पत्रकारहरु नर्कमा जान्छन् भनी खेदो खनेको साथै वकिलहरुलाई चाटुकारको संज्ञा दिएर तुक्ष शब्दावलीहरुको प्रयोग गरि प्रधानमन्त्रीले आफ्नो र देशको नाम हसाएका छन् । त्यसैले ओलि सरकारको असंवैधानिक कदम बिरुद्ध सबै बुद्धिजीवी, पत्रकार, नागरिक समाज एकजुट भएर उठनु पर्ने बताएका छन् ।

पत्रकार महासंघ मोरङका जिल्ला अध्यक्ष बन्धु पोखरेलले नागरिकको आवाजलाई मुखारित गर्न र जनतालाई सचेत गराउन प्रमुख भुमिका निर्वाह गर्नुपर्ने साथै ओलिको प्रतिगमनकारी कदम बिरुद्ध सडक संघर्षका लागि पनि तयार रहन बताएका छन् ।

त्यसैगरी बुद्धिजीवी डा. प्रमोद कुमार (पिके) झाले ओलि आफैले भंग गरेको प्रतिनिधि सभाको सरकारपछि कामचलाऊ सरकार हुनुपर्नेमा पुर्ण सरकार जस्तै मंत्रि परिषद बिस्तार गरेकोमा संसारमै नभएको कुरा लाजमर्दो भएको बताए ।

सडकमै पत्रकार सम्मेलनमार्फत पत्रकारको जिज्ञासालाई कृष्ण पोखरेलले जबाफमा बौद्धिक नागरिक बर्गको अभियानलाई सशक्त रुपमा परिचालन गर्न एक सय दश सदस्यीय समिति गठन गरिएको र आगामि दिनहरुमा कार्यक्रम संचालन गर्न छोटो समिति गठनगरि छिट्टै आगामी बिरोधका कार्यक्रम सार्वजनिक गरिने बताए ।

कार्यक्रममा नागरिक समाजमा अगुवाहरु, बुद्धिजीवीहरु, पत्रकारहरु को ठूलो उपस्थिति रहेको थियो । सहभागिहरुलाई स्वागत मन्तब्य कानुनबिद मेदनी सेढाईले दिएका थिए भने कार्यक्रम संचालन डा.उद्धव पोखरेलले गरेका थिए ।

## लोकतन्त्र...

दायित्वबाट उन्मुक्ति दिन मिल्दैन । त्यसैले यो नियम परिमार्जन गर्नुपर्ने समय हो । तिनीहरू तटस्थ माध्यममात्र त हुँदै हैनन् ।

यसको अर्थ दफा २३० लाई पुनर्लेखन वा खारेज गर्नुपर्छ भन्ने होइन । यसको सट्टामा 'इन्टरनेट तटस्थता'लाई पुनः परिभाषित गरेर नयाँ सानो सुरुआत गर्न सकिन्छ । तब हामीले यी कम्पनीहरु वास्तवमै के हुन् भनेर देखाउन अझ स्पष्ट वर्गको निर्माण गर्न सक्छौं । अनि हामी नियमनको उचित तरिका, पारदर्शिता र निरीक्षणका बिषयमा छलफल गर्न सक्छौं । कुनै पनि कम्पनीको मञ्चमा कस्तो सामग्री प्रकाशित भइरहेको छ र त्यसलाई कसरी छान्ने भन्नेबारे स्वयं कम्पनीहरुलाई नै उत्तरदायी बनाउनुपर्छ ।

यसो त अनलाइनमा आउने धारणाहरुलाई नियन्त्रण गर्न र सामाजिक संजाललाई जिम्मेवार बनाउन नियम बनाउँदैमा इन्टरनेटमार्फत् आउने अनेकौं समाधान गर्ने अचुक उपाय निस्कन्छ भन्ने होइन । तैपनि, सामाजिक संजाललाई स्वस्थ सूचना प्रवाहको माध्यमको रुपमा विकास गर्नका लागि यसको नियमन र परिभाषामा परिवर्तन आवश्यक छ । फेसबुकलाई हामीले षड्यन्त्रका सिद्धान्तहरु मौलाउन दिने, अनलाइनमा घृणा सिर्जना गर्ने विचारकहरु र अभियन्ताको पक्षपोषण गर्नेहरुका विषयहरुमा पारदर्शी हुन बाध्य पारियो भने खेलमा परिर्वतन हुन्छ भन्ने मलाई विश्वास छ ।

यी सञ्जालहरुलाई आत्मनियमनमा छोडिदिँदासम्म उनीहरुले नीति परिमार्जनको नाटक मञ्चन गरिरहनेछन् । समय धेरै नै बितिसकेको छ । अब हामीले एउटा संयन्त्रलाई कसरी डिजाइन र बजारीकरण गरिएको छ भन्नेमा पुर्नविचार गर्नुपर्छ । यसो नगरिँदासम्म यी सञ्जालहरुले प्रजातन्त्रलाई हानि पुऱ्याउने अभिप्रायलाई सहयोग पुऱ्याइ रहेका छन् वा प्रजातन्त्रको पालना गरेका छन् भन्ने तथ्य जान्न सकिनेछैन । (एल एइजेनस्टाटको हार्वर्ड बिजनेस रिभ्युमा प्रकाशित तथा मनिष झाद्वारा अनूदित लेखको सम्पादित अंश) बारहखरीबाट ।


## विराटनगर महानगरपालिकाको सूचना

- ❒ मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- ❒ उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- ❒ छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- ❒ आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- ❒ छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ ।
- ❒ सडक तथा पेटीकीनारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- ❒ बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- ❒ सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- ❒ बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- ❒ बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- ❒ बालश्रम शोषण समाजिक अपराध हो ।
- ❒ विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- ❒ सार्वजनिक स्थलमा जतातत्तै फोहोरमैला नफालौं ।



लैगिक हिंसा अन्त्यः

समृद्ध नेपालको गन्तव्य


# भारतबाट चोरी पैठारी गरी ल्याएका अबैध सामान बरामद

विराटनगर, माघ १३ गते । भारतको जोगवनीवाट चोरी पैठारी गरी ल्याएका लुगाहरु वेवारीसे अवस्थामा प्रहरीले बरामद गरेको छ ।

जिल्ला मोरङ बिराटनगर महानगरपालिका वडा नं. १६ दरैया चोक नजिक भारतको जोगवनीबाट नेपालतर्फ अवैध रुपमा भन्सार छली चोरी पैठारी गरी ल्याई वेवारिसे अवस्थामा छाडिएको समानहरु बरामद गरीएको हो ।

बरामद गरिएको समानहरुमा, लेडिज कुर्ता सुरुवाल सेट २ सय ५ पिस, जिन्स पेन्ट १ सय ४५ पिस, स्लट जामा ४ पिस प्रति पिस, लेडिज (बनारसी, साधा) साडी २४ पिस, पेन्ट-सर्टको कपडा ४ रोल, लेडिज लेहगा ४ पिस, पर्दाको कपडा ३ थान, तन्ना तथा सिरानीको खोला २२ पिस, बिभीन्न चाबिमा लाग्ने रिङ १ बोरा रहेको छ ।

उक्त वेवारीसे समानहरुको मुल्य २ लाख ९७ हजार ४ सय रहेको अनुमान गरिएको छ ।

सो समानहरु जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले फेला पारी आवश्यक कारवाहीको लागि मूल भन्सार कार्यालय रानी, विराटनगर मा बुझाएको छ ।


## कोरोना (C0VID–19 ) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन्**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

**3. यसबाट बच्न के–के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

रतुवामाई नगरपालिका मोरंग प्रदेश नं. १



## कोरोना (C0VID–19 ) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन्**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

**3. यसबाट बच्न के–के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

रतुवामाई नगरपालिका मोरंग प्रदेश नं. १






पूर्वाञ्चलको पहिलो र एक मात्र ट्रमा सेन्टर

MAX INTERNATIONAL HOSPITAL & TRAUMA CENTER (P.) Ltd.

Maximum care for life

Mahendra Chowk, Biratnagar-11, Morang (Nepal), Ph: 021521155/56, 9852027895

क्राईम अपरेशन
Crime Operation
साप्ताहिक

# प्रहरी चौकी डुम्राहाको नव निर्मित कार्यालय भवन, अवास गृह समुद्घाटन

बिराटनगर। प्रहरी चौकी डुम्राहाको नव निर्मित कार्यालय भवन, आवास गृह तथा भान्सा घरको एक कार्यक्रम बिच प्रमुख अतिथी १ नम्बर प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक ईश्वर बाबु कार्कीले समुद्घाटन गरेको छ ।

प्रहरी चौकी डुम्राहाको २ तले सुबिधा सम्पन्न भवन यूनोपस को सहयोगमा २ करोडको लागतमा निर्माण सम्पन्न भएको हो । भवन समुद्धटान समारोहलाई सम्बोधन गर्नुहुँदै कार्कीले भने भवन आफैमा सबै चिज नभएको प्रस्ट पार्दै नयाँ भवन संग संगै कार्यरत प्रहरी कर्मचारीहरुमा नयाँ सोच र धारणा आउनु पर्ने तथा रुपान्तरण हुनु पर्ने धारणा ब्यक्त गरेका थिए ।



सुनसरीको डुम्राहा प्रहरी चौकीको नव निर्मित भवन समुद्घाटन पछि सामुहिक तस्वीरमा ।

सोही कार्यक्रमको अवसरमा कार्कीले प्रहरी चौकीलाई निःशुल्क जग्गा उपलब्ध गराउनु हुने जग्गा दाता तथा भवन निर्माण कार्यमा उल्लेखनिय भुमिका निर्वाह गर्ने ब्यक्तित्वहरुलाई दोशल्ला ओढाएर तथा सम्मान पत्रले सम्मान गरेको थियो ।

उक्त कार्यक्रम यूनोपस का प्रतिनिधी, स्थानीय जनप्रतिनिधी हरु, सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधीहरु, नागरीक समाजका प्रतिनिधीहरु, बिभिन्न महिला संजाल, संघ संस्थाका प्रमुख तथा प्रतिनिधीहरुका साथै स्थानियवासी हरुको उपस्थिति रहेको थियो ।

# लागुऔषध सहित दुई पक्राउ

झापा। झापा शिबसताक्षी वडा नं. ११ स्थित राजमार्गमाबाट प्रतिबन्धित लागुऔषध सहित दुई जना पक्राउ परेका छन ।

पक्राउ पर्नेमा दमक नगरपालिका वडा नं. ८ का २५ बर्षीय सत बहादुर देवान र सोही स्थानका ३२ बर्षीय दिलिप महत रहेका छन ।

टेम्पोमा सवार गरी आएका उनिहरुलाई ईलाका प्रहरी कार्यालय झिलझिलेबाट खटिएको प्रहरी टोलीले नियन्त्रणमा लिएको थियो ।

नियन्त्रणमा पश्चात उनिहरु उपर चेकजाँच गर्दा डाईजेपाम ५८ एम्पुल, बुफ्रेनोर्फिन ५७ एम्पुल र प्रोमेथोजाईन ५८ एम्पुल लागुऔषध फेला पारी बरामद गरिएको हो ।

पक्राउ परेका दुबै जना उपर थप अनुसन्धान तथा कानुनी कारबाही अगाडी बढाईऐको ईलाका प्रहरी कार्यालय झिलझिले ले जनाएको छ ।

त्यसैगरी मोरङ बिराटनगर महानगर पालिका वडा नं. १६ स्थितबाट लागुऔषध सहित दुई जना पक्राउ परेका छन ।

पक्राउ पर्नेमा सुनसरी धरान उपमहानगर पालिका वडा नं. १६ का २४ बर्षीय मनिस भुजेल र सोही स्थानकी २१ बर्षीया निसा श्रेष्ठ रहेकी छिन ।

मंगलबार पैदल हिडिरहेका दुबै जनालाई नियन्त्रणमा लिई चेकजाँच गर्दा उनिहरुको साथबाट एभिल-१० एम्पुल, फेनारगन-१० एम्पुल, लुपिजेसिक-१० एम्पुल र डाईजोल्याब-१० एम्पुल फेला पारी बरामद गरिएको ईलाका प्रहरी कार्यालय रानीले जनाएको छ ।

## कोरोना (C0VID–19) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन् ?**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

**3. यसबाट बच्न के–के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

सुनबर्सी नगरपालिका मोरंग प्रदेश नं. १

# नेपाली...

कदमलाई लिएर सडकमा जानुपर्ने पौडेलनिकट नेता नवीन्द्रराज जोशीको मत छ ।

निर्वाचन क्षेत्रमुखी विरोध प्रदर्शन गर्नु आफैंमा चुनावी तयारी भएको संस्थापन पक्षका नेताहरूको तर्क छ । तर पार्टीभित्रको एउटा खेमाको दबाब र बाहिरी जनमतसमेत विरोधमा भएकाले आफ्नो अनुकुलको निर्णय गराउन देउवालाई अप्ठ्यारो परेको छ । पार्टी नेतृत्वलाई तीव्र दबाब दिन अरू नेताहरूले पनि नसक्दा परिस्थितिजन्य रूपमा आइपरेको एजेन्डासमेत कांग्रेसले बोक्न सकेको छैन । निर्वाचनमा जाँदा कांग्रेसलाई फाइदा हुनसक्छ तर त्योभन्दा ठूलो संविधान र लोकतन्त्रको एजेन्डा हो । यो एजेन्डा पनि अहिले दाहाल-नेपाल समूह र नागरिक समाजको बन्न पुगेको छ । कांग्रेस यो एजेन्डा लिन पूर्णतः चुकेको छ ।

सभापति देउवाको भित्री चाहना प्रतिनिधिसभा पुनःस्थापनातिर छैन । प्रधानमन्त्री ओलीले गरेको प्रतिनिधिसभा विघटनलाई साथ दिएर मुलुकलाई निर्वाचनतिर जान सके फेरि पनि सत्ता र पार्टी नेतृत्वको सिँढी चढ्न सकिन्छ भन्ने ठानेरै देउवाले जानीबुझीकनै पार्टीलाई अलमल्याइराखेको विश्लेण गरिन्छ । निर्वाचनको बहानामा पार्टीको महाधिवेशन पनि लम्ब्याउन सकिने दाउमा देउवा छन् ।

विघटनको विषय अदालतमा प्रवेश गरिसकेकाले बोल्न नहुने देउवाको धारणा छ । स्वतन्त्र न्यायपालिकाको निर्णयप्रति पार्टीले जहिल्यै सम्मान गर्ने र निर्णय मान्ने र प्रतिनिधिसभा पुनःस्थापनाको विषय उठाउँदा अदालतलाई प्रभाव पार्ने काम हुने देउवाको भनाइ छ ।

जानकारहरुका अनुसार प्रधानमन्त्रीले गरेको संसद विघटनको सिफारिस र राष्ट्रपतिले गरेको अनुमोदन संविधानसम्मत छैनर । संविधानविपरीतका यी कदमलाई संविधान र लोकतन्त्रको दृष्टिकोणले काँग्रेसले धारणा बनाउनुपर्छ ।

प्रतिनिधिसभा विघटनलाई असंवैधानिक र अलोकतान्त्रिक पनि भन्ने तर सच्याउने बाटो के हो भन्नेबारेमा पार्टीले स्पष्ट लाइन काँग्रेसको छैन । पार्टीले निर्वाचनको सुनिश्चितताका लागि दबाब दिनुपर्छ या प्रतिनिधिसभा पुनःस्थापना भनेर स्पष्ट अडान लिएर सडक संघर्ष आउनुपर्छ । तर अहिले पुनःस्थापना र सडक संघर्ष दुबै रोजे पनि नेतृत्व अलमलमा छ ।

आम जनमत विरोधमा भएकाले निर्वाचनमा जाने हो पनि भन्न नसक्ने र प्रतिनिधिसभा पुनःस्थापनाबारे बोल्नै हुँदैन भन्ने दोधारे चरित्र नेतृत्वमा देखिएको छ ।

ओलीको कदमलाई असंवैधानिक भनेर सडक संघर्षमा जाने तर त्यसलाई निर्वाचनको 'वार्मअप' मा परिणत गर्ने देउवाको योजना छ । प्रधानमन्त्री ओली र उनको समूहबाहेक सबैले यस कदमलाई असंवैधानिक भनिसकेको छ । समाजका सबै वर्ग प्रतिनिधिसभा पुनःस्थापनाको मुद्दा उठाइरहेका बेला कांग्रेसले अदालतमा प्रवेश गरेको विषयमा बोल्नु हुन्न भन्नु आफैमा तर्कहीन विषय हो । संविधान र प्रजातन्त्रका लागि लडेको कांग्रेसले यसको रक्षाका लागि पनि दह्रो साथ खुट्टा टेक्नुपर्छ । पार्टीलाई पुनर्ताजगीका लागि परिस्थितिले कांग्रेसलाई ठूलो एजेन्डा दिएको छ । यो ऐतिहासिक अवसरलाई समात्न कांग्रेस चुकिसकेको छ । संविधान, लोकतन्त्र र सिद्धान्तको पहरेदार हुनुपर्ने कांग्रेसले आफ्नो पहिचान पनि गुमाउन लागेको छ ।

नेता एनपी साउदले भने,'संसद पुनःस्थापनाको एजेन्डा पार्टीको हुँदै होइन । बहुमतको सरकारले काम गर्न सकिन भनेर निर्वाचनमा जान्छु भन्दा प्रतिपक्षले पुनःस्थापना हुनुपर्छ भन्न मिल्दैन ।'

उता कांग्रेस सहमहामन्त्री सुनिलबहादुर थापा कांग्रेस चुनावबाट नभाग्ने बताउँछन् । 'लोकतान्त्रिक शक्ति चुनावबाट पछि भाग्दैन । सर्वोच्च अदालतले चुनावमा जानू भन्ने निर्णय गरेमा त्यसलाई कांग्रेसले सहर्ष स्वीकार गर्छ', थापाले भने । काँग्रसका केन्द्रीय नेतृत्व पुनःस्थापना कि निर्वाचनमा जसरी विभाजित छन् त्यसै गरी प्रदेशहरुमा पनि पार्टी अलमल रहेको छ । सभापति देउवाको भूमिका प्रस्ट नभएकाले पनि निर्णयमा पुग्न कठिनाइ परेको नेताहरूको भनाइ छ । ओलीको संसद् विघटनको कदमलाई बाहिर असंवैधानिक भने पनि भित्रभित्रै देउवाले साथ दिइरहेको पार्टीभित्रै कतिपय नेताहरूले दाबी गरेका छन् ।

संसद पुनर्स्थापना हुनुपर्छ भनेर नेकपाको प्रचण्ड-नेपाल समूह, जसपालगायतका दलहरु प्रष्ट छन् । जसपाले पुस २५ गतेदेखि माघ ७ सम्म दोस्रो चरणको कार्यक्रम घोषणा पनि गरेको छ । जसपाको सडक संघर्ष प्रतिनिधिसभा पुनःस्थापनामै केन्द्रित छ । विघटनविरुद्ध २३ दल तथा संगठनले पनि सडक संघर्षमा उत्रेको छ ।

नेकपाको ओली समूह बाहेकका दल संसद विघटनविरुद्ध मैदानमा उत्रिएपछि काँग्रेसको अन्योलताबाट सबै चकित छन् । देउवा पक्षीय अधिकांश नेता अदालतको फैसलापछि काँग्रेसले नीति निर्धारण गर्नुपर्ने पक्षमा उभिए पछि पार्टी भित्र दोधारको अवस्था सृजना भएको छ ।

संसद विघटनपछि पार्टीमा देखिएको अन्योलता चिर्न नेतृत्व पूर्णतः असफल भएको छ । पूर्वराजा ज्ञानेन्द्रले संसद विघटन गर्दा तत्कालीन सभापति गिरीजाप्रसाद कोइरालाले एकसूत्रीय माग राखेर संसद पुनर्स्थापनाको पक्षमा उभिएका थिए । तत्कालीन समयमा गिरीजाप्रसाद कोइरालाले देखाएको शाहस र पहलकदमी सभापति देउवाले पनि देखाउनुपर्ने आम काँग्रेस नेताहरुको मत छ ।

(मधेश दर्पण फिचर सेवा)

कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएरसम्मान पाउने अवसर पनि हो । त्यसैलेकर तिरौं देशको राजस्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएरव्यवसायी सञ्चालन गर्नुहोस् । लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर । कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्मामामा सभागी

नेपाल सरकार




धुम्रपान मध्यपान आजै देखि त्यागौं र निरोगी रहौं



